विधेयक संख्याः २५

# जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक, २०७५

२०७५

संघिय संसद सचिवालय

सिंहदरबार, काठमाडौं ।

# उद्देश्य र कारण

नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक सम्बन्धी व्यवस्था रहेको र धारा ४७ मा संविधानद्वारा प्रदत्त मौलिक हकहरुको कार्यान्वयनका लागि संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानून बनाई सक्नुपर्ने व्यवस्था रहेको हुँदा सो अनुसार जातीय भेदभाव तथा छुवाछुत (कसुर तथा सजाय), २०६८ मा समसामयिक संशोधन गरी मौलिक हक कार्यान्वयन गर्न सहज हुने देखिएकाले संविधानको उल्लिखित समयसीमालाई मध्यनजर गरी आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले यो संशोधन विधेयक पेश गरेको छु ।

लालबाबु पण्डित
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री

# आर्थिक टिप्पणी

नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने सम्पूर्ण दायित्व नेपाल सरकारको हुने भएकोले यस ऐन कार्यान्वयन गर्न आवश्यक आर्थिक श्रोत उपलब्ध गराउने जिम्मेवारी समेत नेपाल सरकारमा रहने देखिन्छ ।

लालबाबु पण्डित
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री

**जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना :** जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को प्रस्तावनामा संशोधन :** जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा" भन्ने शब्दहरुको सट्टा "उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनमा दफा २क. थप :** मूल ऐनको दफा २ पछि देहायको दफा २ क. थपिएको छ :-

"२क. **जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार:** (१) प्रत्येक व्यक्तिलाई जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक व्यक्तिलाई देहायको अधिकार प्राप्त हुनेछ :-

(क) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,

(ख) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,

(ग) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) नेपालभित्र र बाहिर आवत जावत र बसोबास गर्न पाउने अधिकार,

(ङ) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,

(च) विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,

(छ) शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,

(ज) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,

(झ) समान काम गरे बापत समान तलब पाउने अधिकार,

(ञ) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,

(ट) छुवाछूत तथा भेदभाव विरुद्ध उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।"

४. **मूल ऐनको दफा ४ मा संशोधन :** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (९) मा रहेको "व्यक्तिलाई" भन्ने शब्द पछि "खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राखिएको छ :-

संघीय संसद सचिवालय

"(१२) कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्य-दृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुँदैन ।"

(३) ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा वा शारीरिक अवस्था" भन्ने शब्दहरुको सट्टा "उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश वा समुदाय" भन्ने शब्दहरुको सट्टा "उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय" भन्ने शब्दहरु राखिएका छन् ।

**५. <u>मूल ऐनको दफा ७ मा संशोधन :</u>** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "एकहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "बीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" शब्दहरु राखिएका छन् ।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेका "एक महिना देखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दुई महिनादेखि दुई वर्षसम्म कैद वा दुई हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

**६. <u>मूल ऐनको दफा ९ मा संशोधन :</u>** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

९. **<u>क्षतिपूर्तिः</u>** (१) कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(२) कसूरदारले पीडितलाई कुनै शारीरिक हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानी नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिन सक्नेछ ।

**७. <u>रुपान्तर :</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका "जातीय भेदभाव तथा छुवाछूत" भन्ने शब्दहरुको सट्टा "जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूत" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

संघीय संसद सचिवालय

# व्याख्यात्मक टिप्पणी

विधेयकको नामः **जातीय भेदभाव तथा छुवाछूत (सजाय तथा कसुर) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक**

दफा १ : यो ऐनलाई “जातीय भेदभाव तथा छुवाछूत (सजाय तथा कसुर) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक, २०७५” नाम दिईएको छ । यो प्रमाणिकरण भएको मिति देखि नै लागु हुने व्यवस्था छ ।

दफा २ : यस दफामा यस ऐनको प्रस्तावनामा रहेको “जात, जाति, वंश, समुदाय वा पेशा” भन्ने शब्दहरुको सट्टा “उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था” भन्ने शब्दहरु राख्ने व्यवस्था गरिएको छ ।

दफा ३ : यस दफामा मूल ऐनको दफा २ पछि दफा २क. मा जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारहरु थप गरी “क” देखि “ट” सम्म प्रत्येक व्यक्तिलाई जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछुत विरुद्धको अधिकारहरुको व्यवस्था गरिएको छ, जस अन्तर्गत अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार, कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार, सार्वजनिक सेवामा समान पहुँचको अधिकार, नेपालभित्र र बाहिर आवत जावत र बसोबास गर्न पाउने अधिकार, सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार, विवाह गर्ने तथा वरबधु छान्ने अधिकार, शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार, रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार, समान काम गरे बापत समान तलब पाउने अधिकार, सार्वजनिक स्थानमा समान पहुँचको अधिकार, छुवाछूत तथा भेदभाव विरुद्ध उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार रहेका छन् ।

दफा ४ : मूल ऐनको दफा ४ मा संशोधन गरिएको विषय राखिएका छन् । जसमा उपदफा (९) मा रहेको “व्यक्तिलाई” भन्ने शब्द पछि “खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई” भन्ने शब्दहरु थपिएको, उपदफा (१२) को सट्टा उपदफा (१२) थप गरी कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्य-दृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले

संघीय संसद सचिवालय

प्रोत्साहन गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरिएको छ । त्यस्तै, ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा वा शारीरिक अवस्था" भन्ने शब्दहरुको सट्टा "उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरु राख्ने व्यवस्था गरिएको र ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश वा समुदाय" भन्ने शब्दहरुको सट्टा "उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय" भन्ने शब्दहरु राख्ने प्रावधान यस दफामा गरिएको छ ।

दफा ५ : यस दफामा मूल ऐनको दफा ७ मा गरिने संशोधनका विषय राखिएको छ । जसमा उपदफा (१) को खण्ड (क) मा रहेको "एकहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "बीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" शब्दहरु र उपदफा (१) को खण्ड (ख) मा रहेका "एक महिना देखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दुई महिनादेखि दुई वर्षसम्म कैद वा दुई हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राख्ने व्यवस्था गरिएको छ ।

दफा ६ : यस दफामा मूल ऐनको दफा ९ मा संशोधन गरिने विषय राखिएको छ । जसमा उपदफा (१)मा कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्ने र दफा (२) मा कसूरदारले पीडितलाई कुनै शारीरिक हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानी नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।

दफा ७ : मूल ऐनको ठाउँ ठाउँमा रहेका "जातीय भेदभाव तथा छुवाछूत" भन्ने शब्दहरुको सट्टा "जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूत" भन्ने शब्दहरु राखी रुपान्तर गर्ने व्यवस्था गरिएको छ ।

संघीय संसद सचिवालय

**जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ संशोधन विधेयकको तीनमहले विवरण**

| क्र.सं. | ऐनको सम्बन्धित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था |
|---|---|---|---|
| १. | प्रस्तावना | जात, जाति, वंश, समुदाय वा पेशा | उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था |
| २. | २ क थप | नभएको | "२क. <u>जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार :</u> (१) प्रत्येक व्यक्तिलाई जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम प्रत्येक व्यक्तिलाई देहायको अधिकार प्राप्त हुनेछः–<br>(क) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,<br>(ख) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,<br>(ग) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,<br>(घ) नेपालभित्र र बाहिर आवत जावत र बसोबास गर्न पाउने अधिकार, |

संघीय संसद सचिवालय

| क्र.सं. | ऐनको सम्बन्धित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था |
|---|---|---|---|
| | | | (ङ) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,<br>(च) विवाह गर्ने, बरबधु छान्ने अधिकार,<br>(छ) शान्तिपूर्वक भेला हुन तथा संगठन गर्न पाउने अधिकार,<br>(ज) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,<br>(झ) समान काम गरे बापत समान तलब पाउने अधिकार,<br>(ञ) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,<br>(ट) छुवाछूत तथा भेदभाव विरुद्ध उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।" |
| ३. | दफा ४ को उपदफा (९) | "व्यक्तिलाई" भन्ने शब्दपछि | "खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई" भन्ने शब्दहरु थपिएका छन् । |
| | दफा ४ को उपदफा (१२) को सट्टा | कसैले श्रव्य दृश्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, | "(१२) कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्य–दृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै |

संघीय संसद सचिवालय

| क्र.सं. | ऐनको सम्बन्धित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था |
|---|---|---|---|
| | | जाति वा उत्पत्तिका व्यक्तिको उचनीच दर्शाउने, जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो संकेत गर्ने वा जातीय विभेदलाई कुनै किसिमले अभिबृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरुपयोग गर्न वा गराउन हुँदैन । | तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात, जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुदैन ।” |
| | | ठाउँ ठाउँमा रहेका “जात, जाति, वंश, समुदाय वा पेशा” भन्ने शब्दहरुको सट्टा | “उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय” भन्ने शब्दहरु राखिएका |
| | | ठाउँ ठाउँमा रहेका “जात, जाति, वंश वा समुदाय” भन्ने शब्दहरुको सट्टा | “उत्पत्ति, जात, जाति, समुदाय, पेशा वा व्यवसाय” भन्ने शब्दहरु राखिएका छन् । |
| ४. | दफा ७ को उपदफा (१) को खण्ड (क) | “एकहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँ सम्म” भन्ने शब्दहरुको सट्टा | “बीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म” शब्दहरु राखिएका छन् । |

संघीय संसद सचिवालय

| क्र.सं. | ऐनको सम्बन्धित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था |
|---|---|---|---|
| | दफा ७ को उपदफा (१) खण्ड (ख) | “एक महिनादेखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना ” भन्ने शब्दहरुको सट्टा | “दुई महिनादेखि दुई वर्षसम्म कैद वा दुई हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना” भन्ने शब्दहरु राखिएका छन् । |
| ५. | दफा ९ | क्षतिपूर्तिः (१) कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरिएमा त्यसरी ठहर गर्दा अदालतले कसूरदारबाट पीडितलाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्नेछ ।<br><br>(२) उपदफा (१) को क्षतिपूर्ति वाहेक कसूरदारले पीडितलाई कुनै हानि नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आचारमा उपचार खर्च वा थप हानि नोक्सानीको मनासिव रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिन सक्नेछ । | <u>**क्षतिपूर्ति**</u> **:** (१) कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्नेछ ।<br><br>(२) कसूरदारले पीडितलाई कुनै शारीरिक हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानी नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिव रकम भराउने आदेश दिन सक्नेछ । |
| ६. | | मूल ऐनको ठाँउ ठाँउमा रहेका “जातीय भेदभाव तथा छुवाछूत” भन्ने शब्दहरुको सट्टा | “जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूत” भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ । |

संघीय संसद सचिवालय